# मगर संस्कृतिको सामाजिक प्रकार्य

डा. विष्णु कुमार सिङ्जाली
bishnusinjali@hotmail.com

**लेखसार**

बहुभाषिक-बहुसांस्कृतिक नेपालमा मगर भाषा-संस्कृति पनि राज्यको एउटा सम्पदा हो। ऐतिहासिक कालमा राज्यसत्ताको असमान व्यवहारबाट नेपाली समाजमा जुन प्रकारले वर्गविभाजन, स्तरीकरण (स्ट्राटिफिकेसन) र विविधीकरण भए पनि त्यो परिस्थितिमा मगर संस्कृतिले मौलाउने उचित वातावरण प्राप्त गरेन। तर पनि मगर संस्कृति निमिट्यान्न भएन। यसले मगर समाजलाई अगाडि बढाइरह्यो। पछिल्लो समयमा व्यापक रूपमा मगर संस्कृतिमा बाह्य हस्तक्षेप बढेकाले समाजको संरचनामा पनि असर गऱ्यो। समाजका संरचनाका भागहरूले एकआपसमा काम गर्न सकेनन्। एकआपसमा समन्वयन गर्न सकेनन्। यसले गर्दा समाजमा विचलन आयो। सुकार्य गरिरहेको सामाजिक संरचनामा अकार्यहरू पनि देखियो। राज्यसत्ता, विकासजस्ता बाह्य प्रभावले गर्दा मगर संस्कृतिमा अकार्य (डिस्फङ्सन) बढ्यो। यसले गर्दा मगर संस्कृतिको लोपोन्मुखता पनि बढ्दै गएको देखिन्छ। यस लेखमा यही सामाजिक संरचनात्मक र प्रकार्यात्मक समाजशास्त्रीय दृष्टिकोणमा रहेर मगर संस्कृतिको सामाजिक प्रकार्यका बारेमा उल्लेख गर्ने प्रयास गरिएको छ।

**शब्दकुञ्जी** : *प्रकार्य, संस्कृति, सुरक्षण, संरचना, स्तरीकरण।*

**विषय प्रवेश**

नेपाली समाज बहुभाषिक-बहुसांस्कृतिक फूलबारीको संरचनामा भएको नेपालको भाषिक-सांस्कृतिक, जातजातीय, भौगोलिक विविधताका अवयवहरू एकआपसमा विभिन्न प्रकारका सम्बन्धहरू निर्माण गरेर चलिरहेको छ। सामाजिक विविधताभित्र कतिपय ठाउँहरूमा समाजिक स्तरीकरण

(स्ट्राटिफिकेसन) प्रस्ट देखिन्छन् । यद्यपि ती स्तरीकरण (स्ट्राटिफिकेसन) र सामाजिक फरकपनहरू एकआपसमा अन्तरसङ्घर्ष गर्दै आजको अवस्थामा आइपुगेको छ । बहुभाषिक-बहुसांस्कृतिक संरचना बोकेको नेपालको मूलधारमा रहेका भाषा-संस्कृतिले कतिपय अवस्थामा पछाडि छोडिएका भाषा-संस्कृतिहरूलाई सद्भाव, सम्मान जनाउन नसक्दा तथा उचित स्थानको अभाव हुँदा यदाकदा टकरावहरू सृजना हुने गर्दछ । यस्ता सामाजिक टकराव, अन्तरसङ्घर्षहरूमा आन्तरिक र बाह्य दुवै खाले अतिवादीहरू, स्वार्थ समूहहरू खेल्ने प्रयास पनि कहिलेकाहीँ भइरहेको हुन्छ । तर नेपाली समाज त्यस्ता अतिवादलाई परास्त गर्दै अगाडि बढिरहेको पाइन्छ । नेपालको असमानतामूलक सामाजिक स्तरीकरण (स्ट्राटिफिकेसन) र विविधीकरण बन्नुमा मनुस्मृति (लुइटेल, २०७४) कानुन, वि.सं. १९१० को मुलुकी ऐन (www. lawcommission.gov.np, 1910 BS), तत्कालीन शासन व्यवस्था जिम्मेवार भए पनि राजनैतिक परिवर्तनहरूले असमानतामूलक सामाजिक स्तरीकरण (स्ट्राटिफिकेसन) र विविधीकरण (डिफरेन्सियसन) हटाइदिएका छन् (नेपालको संविधान, २०७२) । समाजमा वर्गीय अन्तरद्वन्द्व कम गर्ने, एकल भाषा-संस्कृतिको माइन्डसेटहरूलाई बहुभाषिक-बहुसांस्कृतिक बनाउने प्रयास भएका छन् । यद्यपि ती काफी छैनन् । यस्तो प्रकारको नेपाली समाजमा ऐतिहासिक कालदेखि आजसम्म बाँचिरहेको एक भाषा-संस्कृति हो, मगर । मगरहरूले आफूलाई *मङ्ङर/मङ्गर* भन्दछन्, भोटबर्मेली भाषा बोल्ने तामाङ, गुरुङ, शेर्पा, लिम्बूलगायतले 'माङ्डार/माङ्गार' उच्चारण गर्दछन् । यद्यपि नेपालको राज्यसत्ता, विद्वत्जगत् (एकाडेमिया) मा मगर भनेर चिनिन्छ । मगर भाषिक-सांस्कृतिक पहिचान बोकेको जाति हो । राजनैतिक परिवर्तनसँगै मगर भाषा-संस्कृतिले धेरै आरोहअवरोहहरू खेप्दै आएको पाइन्छ ।

मगरहरू नेपाली भूमिका आदिवासी समुदाय हुन् (नेपाल सरकार, २०५८) । मगरहरूले आदिमकालदेखि हालसम्म आफ्नो पहिचान जोगाउनमा भाषा-संस्कृतिले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । मगर समाजलाई जीवन्त पार्न, सामाजिक रूपमा अगाडि बढाउनका लागि संस्कृतिले सामाजिक प्रकार्य (सोसियल फङ्सन) गरिरहेको पाइन्छ । मगरहरूको संस्कृति, उनीहरू बसोबास गरेको भूगोलमा जिविकोपार्जनन गर्ने क्रममा विकास भएका सामाजिक पद्धतिहरू हुन् । सो भूगोलमा हुने उत्पादन, पेसाव्यवसाय, आदिवासी विज्ञान, प्रविधि तथा उपभोगको समिश्रण हो । समाजमा संस्कृति बन्नका लागि तत्कालीन उत्पादन प्रणाली, विज्ञान र प्रविधि तथा उपभोगको समिश्रण आवश्यक पर्दछ (टेलर, सन् १८७१) । मगरहरूको संस्कृति पनि ऐतिहासिक संस्कृति हो । मगर समाजको संरचनामा संस्कृति, सामाजिक, आर्थिक, भाषा, व्यवस्था आदि प्रणाली/ उपप्रणालीहरू वा भागहरू रहेका छन् । संस्कृतिको संरचनामा पनि नातापाता, गीतसङ्गीत, भाषा-साहित्य, परिवार, परम्परागत संस्थाहरू आदि उपभाग वा उपप्रणालीहरू रहेका छन् । यस्ता प्रणाली/उपप्रणाली, अवयवहरूले एकआपसमा प्रकार्य गरेर मगर समाज चलिरहेको छ । यसैले मगरहरूको संस्कृतिमा जीवनचक्र चल्न सक्ने भएकोले समुदायले त्यसलाई अवलम्बन गर्ने, समयसापेक्ष सुधार गर्दै जाने गरेको पाइन्छ । यसरी बहुभाषिक-बहुसांस्कृतिक फूलबारी नेपालको एक सम्पदा मगर भाषा-संस्कृतिमा मगर संस्कृतिले कसरी मगर समाजलाई सामाजिक प्रकार्यका माध्यमबाट अगाडि बढाएको छ भन्ने अध्ययन प्रश्नको वरिपरि रहेर यो लेख तयार पारिएको छ ।

## मगरहरू

आधुनिक नेपालको भौगोलिक एकीकरणका लागि महत्त्वपूर्ण योगदान दिएका मगरहरूले नेपालको राजनैतिक परिवर्तनमा पनि उत्तिकै भूमिका खेलेका छन् । राणाशासनको विरुद्ध सङ्गठित रूपमा राजनैतिक आन्दोलनमा सहादत प्राप्त गरेका लखन थापामगर प्रथम सहिद हुन (आले, २०७१) । गणतन्त्रका लागि भएको सशस्त्र सङ्घर्षमा हजारौँ मगरहरू सहिद हुनु (नेपाल सरकार, २०७९) ले पनि मगरहरूको भूमिका प्रस्ट देखिन्छ । यसका साथै नेपाललाई चिनाउने वीर गोर्खा भर्तीकेन्द्रमा मगरहरूको बृहत्तर

उपस्थिति र योगदान रहेको छ (घर्तीमगर, २०७१, पृ. १३-२०) । पश्चिमा र नेपाली राज्यसत्तासँग नजिकका विद्वान्हरूले लडाकु जाति भनेर व्याख्या गरेका मगरहरू लडाकु जाति मात्रै नभएर उनीहरू कुशल कृषक, पशुपालक, भूगर्भविद्/ खानीविद्, इन्जिनियर (भौतिक संरचना निर्माणविज्ञ) हरू पनि थिए (विष्ट, सन् २०११, पृ. ६८) । इतिहासमा राज्यसत्तालाई सघाए पनि उनीहरूको आदिवासी ज्ञान, सिप, भाषा, संस्कृति भने पछाडि पर्‍यो । यसैले शैक्षिक तथा प्राज्ञिक जगत्, राज्यसत्ता (शासक, प्रशासक/ कर्मचारीतन्त्र), कूटनीतिक क्षेत्र, उद्योग तथा व्यापार व्यवसाय आदिमा पछाडि परे । तसर्थ सुविधाविहीन आदिवासी/जनजाति भनेर सूचीकरण गरिएको छ (नेपाल सरकार, २०५८) । मगरहरूको मुख्य बसोबास सप्तगण्डकी र राप्ती-भेरी नदीहरूको प्रश्रवण क्षेत्रमा भए पनि देशैभरि छरिएर रहेको पाइन्छ (राष्ट्रिय जनगणना, २०७८) । यसैगरी सिक्किम, भारत, भुटान, बङ्गलादेश र बर्मामा ऐतिहासिककालदेखि नै बसोबास गरेको पाइन्छ (www.joshuaproject.net/people_groups/11698) । गोर्खा भर्तीकेन्द्र, रोजगार र अध्ययन आदिका कारण आज मगरहरू संसारभरि छरिएका छन् ।

नेपालमा वि.सं. २०७८ को जनगणनाअनुसार मगरहरूको जनसङ्ख्या २,०१३,४९८ (पुरुष- ९,४९,१०५ र महिला- १०,६४,३९३) रहेको छ । यो जनसङ्ख्यामा तेस्रो धेरै जनसङ्ख्या हो । नेपालका आदिवासी/जनजातिहरूमा सबैभन्दा धेरै जनसङ्ख्या भएको जाति मगर हो । वि.सं. २०५८ को जनगणनामा मगरहरू ७.१४% वि.सं. २०६८ को जनगणनामा ७.१२% र वि.सं. २०७८ को जनगणनामा ६.९% रहेको छ । यसबाट नेपालमा मगरहरूको जनसङ्ख्या प्रतिशत क्रमशः घट्दै गइरहेको देखाउँदछ ।

मगरहरूको आफ्नो मौलिक पुर्ख्यौली मातृभाषा रहेको छ । हालमा मगरहरूका चारओटा भाषाहरू रहेका छन् । बाइसीचौबिसी राज्यकालदेखि नै म्याग्दी, पर्वत, बागलुङ, गुल्मी, पश्चिम पाल्पा, अर्घाखाँची (हिमालदेखि तराईसम्म) मगर भाषा बोल्न प्रतिबन्ध लगाइएको थियो । यसैगरी खानी पत्ता लगाउने आउरी (भूगर्भविद्) तथा खानी खन्ने पेसाका मगरहरूलाई पनि मगर भाषा बोल्न प्रतिबन्धित गरिएको थियो । रोल्पाको पश्चिमी क्षेत्र, रुकुमको पश्चिमी क्षेत्रलगायतका थुप्रै ठाउँहरूमा मगर भाषा बोल्न प्रतिबन्ध लगाएकाले मगरहरूको एकआपसमा भाषिक सञ्चार हुन नसक्दा उनीहरूको भाषा फरक हुनपुगेको देखिन्छ (सिङ्जाली, २०७१) । आधुनिक नेपालमा पनि मगर भाषाको प्रतिबन्ध यथावत नै थियो । लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि राज्य केही लचक भएको छ । तर उचित लगानी छैन । सम्बन्धित समुदायमा पुग्न सकेको छैन । राष्ट्रिय जनगणना २०७८ अनुसार मगरहरूका भाषाहरू निम्न बमोजिम रहेका छन्–

| **मातृभाषा** | **पुरुष** | **महिला** | **जम्मा** | **राष्ट्रिय तहमा %** | **मगरभित्र %** |
|---|---|---|---|---|---|
| मगर ढुट | ३८१,५८६ | ४२८,७२९ | ८१०,३१५ | २.७७८ | ४०.२४ |
| मगर खाम | ४३८८४ | ४७८६९ | ९१७५३ | ०.३१५ | ४.५६ |
| मगर काइके | ५७७ | ६४८ | १२२५ | ०.००४ | ०.०६ |
| मगर तिछुरुङ पोइके | १८७ | २२३ | ४१० | ०.००१ | ०.०२ |
| जम्मा | ४२६,२३४ | ४७७,४६९ | ९०३,७०३ | ३.०९९ | ४४.८८ |

स्रोत : राष्ट्रिय जनगणना, २०७८

वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा ३.०९९% जनसङ्ख्याले मगर भाषा बोल्ने गरेको देखाएको छ । यो वि.सं. २०५८ को जनगणना (३.३९%) भन्दा कम हो । मगरहरूमध्ये ४४.८८% ले मात्र मगरभाषा बोलेको र बाँकी ५५.१२% ले मगर भाषा बोल्न सकेको देखिँदैन । राज्यको मूलधारमा

रहेको भाषा-संस्कृतिभन्दा मगरहरूको भाषा-संस्कृति फरक किसिमको छ । तर विद्यालयमा बहुभाषिक-बहुसांस्कृतिक शिक्षा नभएकाले धेरै मगरहरूले उच्च शिक्षा हासिल गर्न सकेका छैनन् । वि.सं. २०६८ को जनगणनामा मगरहरूको साक्षरता दर ७१.०९% भए पनि उच्च शिक्षा लिनेको १.३४% र विद्यालय तह (१२ कक्षा) पास गर्नेको २४.९८% हुनु (CDSA, TU. 2014, pp. 9-10) ले पुष्टि गर्दछ । नेपालमा आधुनिक शिक्षाको विकासकाल सुरु भएदेखि नै विद्यालय छोड्ने उच्च दर भएको जातिहरूमा मगर पनि एक हो । राप्ती-भेरी प्रश्रवण क्षेत्रमा *मगर खाम*, डोल्पामा *मगर काइके* र *तिछुरुङ पोइके* बोलिन्छ । सप्तगण्डकी प्रश्रवण क्षेत्र र सो पूर्व, तथा प्युठान, सुर्खेत, दाङलगायत सुदूरपश्चिममा मगर ढुट बोलिन्छ । यद्यपि पछिल्लो समय बसाइँसराइका माध्यमले मातृभाषा सबैतिर पुगेको छ । मगर भाषाहरूमा काइके, पोइके, खाम र ढुट शब्दहरूले नेपालीमा *भाषा* (ल्याङग्वेज) अर्थ जनाउँदछ । मगरहरूको दृष्टिकोणमा यी शब्दहरू *भाषा*को अर्थमा प्रयोग हुन्छन् । यद्यपि बाहिरिया विद्वान्हरूले भाषाको नामका आधारमा नामकरण गरिदिएको पाइन्छ ।

मगरहरूको इतिहास स्पष्ट रूपमा लेखिएको छैन । विद्वान्हरूले आफ्नो अनुकूल तर्क दिएको पाइन्छ (सिङ्जाली, २०७१, पृ.१-२०) । मगरहरू आफैँले गहिरो शोधकार्य गरेर आफ्नो इतिहास लेखेको पाइँदैन । मानिस मरेपछि मृतकको सबै दस्तावेज, पुस्तक, कलाकृति तथा सृजनाहरू जलाउनुपर्दछ भन्ने भ्रम मगर संस्कारमा छिरेपछि धेरै कुराहरू जलाइएको पाइन्छ । यसैगरी मगर बस्तीमा एकआपसमा भिडिरहने सानासाना बाइसेचौबिसे राज्यहरू भएकाले पनि धेरै दस्तावेजहरू त्यति बेला जले होलान् । बचेखुचेका दस्तावेजहरू राणाकालमा र पछिल्लो समयमा योगी नरहरि नाथले कागजपत्र सङ्कलन गरेकाले पनि मगर गाउँबस्तीहरूमा पुराना दस्तावेज पाउन सकिँदैन । मगरहरूको इतिहास उनीहरूको चिहान, पुरातत्त्वहरूमा हुन सक्दछ । त्यो पनि बाटो तथा भौतिक विकासका क्रममा नासिँदै गएको पाइन्छ । तर पनि पन्ध्रौँ शताब्दीको पूर्वार्द्धमा कुमाउमा मगर राज्य प्रमुख भएको उल्लेख गरेका छन् (हेमिल्टन, सन् १८१९) । तिब्बतको काङ्पाचान उपत्यका र तमोर नदी उपत्यकामा मगर राजा थिए (दास, सन् १९०२, पृ.२६-३०) । सिक्कीममा मगर जोङ (किल्ला) हुनु (चेमजोङ, सन् १९६७, पृ.१४३) । कह्लण पण्डितले राजतरङ्गीनीमा आठौँ शताब्दीमा मगर राजा आरमुडीले कस्मिरका राजा जायापिडासँग लडाइँ गरेको इतिहास छ (दत्त, सन् १८७९, पृ.८८-९८) । चितौरनगढ राज्यमा मगरहरू हुनु, पाल्पाका राजा मुकुन्द सेनलाई मगर वंशज (राइट, २००७, ह्यामिल्टन, २००७) भनिनु आदि तथ्यहरूले ऐतिहासिक मगरातको बृहत्तर पक्षलाई बुझाउँदछ । यद्यपि पछिल्लो समयमा (बाइसेचौबिसी राज्यकाल र यसपछि) मगरात भनेर हालको सप्तगण्डकी र राप्ती-भेरी नदी प्रश्रवण क्षेत्रको भूभागलाई भन्ने गरिन्छ । यद्यपि यो सङ्कुचित मगरात हो । ऐतिहासिक कालमा मगर नाम कहिलेदेखि रह्यो ठ्याक्कै भन्न सकिने अवस्था छैन । यद्यपि सन् ११००/११०१ मा *मङ्ग्वर विषय* उल्लेख (विट्जेल, सन्, १९९१) हुनुले त्यति बेला मङ्गरहरूको नामकरण भइसकेको बुझिन्छ । यसैगरी कतिपयले ऐतिहासिक कालमा मगरहरूलाई पनि किराँत भनिन्थ्यो (राई, २०६४, पृ. ३२६-३४५; चेमजोङ, सन् १९६७, पृ.१४२; सिवाकोटी, २०७४, पृ.४८) भन्ने तर्क गर्दछन् । काङ्गडाको वैजनाथको ऐतिहासिक नाम किरग्राम हुनु र मगरहरू सो नजिकमा हुनुले पनि ऐतिहासिक रूपमा खसआर्यहरूले मगरलाई किराँत भनेको हुन सक्दछ । तर जे भए पनि मगरहरूमा मिथकको रूपमा रहेको उत्पत्तिको कथाले मगरहरू यही उत्पन्न भएको बताउँदछ । यो कुरामा धेरैजसो मगरहरूमा विश्वस्त रहेको पाइन्छ ।

## मगर संस्कृति

बहुभाषिक-बहुसांस्कृतिक नेपालमा मगर संस्कृति पनि एक हो । ऐतिहासिक मगरातको भूगोलमा आदिमकालदेखि जीविकोपार्जन गर्ने क्रममा मगरका पुर्खाहरूले निर्माण गरेको सभ्यता हो । यसमा कतिपय पाषाणकालीन, सिकारी युगका अवशेषहरू पनि पाइन्छ भने धेरैजसो जीविकाको आधार कृषि तथा पशुपालन

हुने समयको हो । यसैगरी राज्यहरूको निर्माण भएपछि राजकाज, व्यापारव्यवसायका कुराहरू पनि मगर संस्कृतिमा झल्कन्छ । मगरहरू प्रकृतिपूजक हुन् । मगरहरूले प्रकृति र पितृ (पुर्खा) को पूजाआजा गरेको पाइन्छ । मगर संस्कृतिमा चार किसिमका पूजनीय पितृ (पुर्खा) हुन्छन–

क. देउपित्तर (देवता भइसकेका पुर्खाहरू)

ख. कुलपितृ/कुलाइन (आफ्नो कैरन/थर वा दाजुभाइहरूको पुर्खा)

ग. मुथुङ/वायु (घरपरिवारका दिवङ्गत दुई वा तिन पुस्तासम्म)

घ. परिवार, समुदायका जेष्ठ सदस्य

मगरहरूको घरपरिवार, समुदायका जेष्ठ नागरिकहरू पूजनीय हुन्छन् । घरपरिवारको खानपिनमा, भोजभतेरमा, पूजाआजामा उहाँहरूलाई प्राथमिकता दिनुपर्दछ । खाना खाँदा वा भोजमा उहाँहरूले सुरु गरेपछि मात्र अरूले सुरु गर्ने प्रचलन हुन्छ । यसैगरी दिवङ्गत पितृ (पुर्खा) हरूको सम्झनामा पूजाआजा गर्दा सदात्मा र दूरात्मा भनेर दुई भागमा विभाजन गरेका हुन्छन् । वाराहा, भूयाँर (भूम्या), सिद्ध, बाजीबज्यै, बज्यू, बराजु, माईथान, वायु, सिकारी, झाँक्री, आँघ्या, सिरुङ, सिम्याभूम्या आदिलाई सदात्मा पितृ (पुर्खा) का रूपमा मान्दछन् । यसैगरी भूत, बन्नाइनी, लेढिनी, राक्सो (राक्षस) आदि पुर्खाहरू दुरात्मा हुन् । मगर दर्शनमा सदात्माले आशीर्वाद दिँदै उनीहरूले मानव, खेतीपाती, पशुपक्षी, जमिन, जङ्गल, जलको सुरक्षा गरिदिन्छन् भन्ने विश्वास हुन्छ । यसैगरी दूरात्माले दुःख दिएर बिरामी गराउँदछन भन्ने विश्वास हुन्छ । मगरहरूमा स्वर्ग र नरकको अवधारणा हुँदैन । मृत्यु भएपछि पितृ (पुर्खा) हरूकोमा बास गर्दछन् । दिवङ्गत पुर्खाहरू अग्लो चुचुरो, ठूलो रूखको फेद, पानीको मुहान, ताल वा खोला, ओढार आदिमा बस्दछन् भन्ने विश्वास हुन्छ । यसैले प्रकृतिको संरक्षण र पूजाआजा गर्दछन् । चैत/वैसाख महिनाको पूर्णिमामा गरिने चन्डीपूजा, सिमसारमा गरिने आँघ्यापूजा, पानीको मूलमा गरिने सिरुङपूजा, रूख काट्नुपर्दा गरिने पूजा आदि प्रकृति पूजाआजाका उदाहरण हुन् ।

मगर संस्कृतिमा साइनो/नातापाता नेपाली मूलधारको संस्कृतिभन्दा पृथक छ । मगरहरूमा मामा वा मावली खलकको छोरी विवाह गर्ने प्रचलन भएकोले मगरहरूमा ब्राह्मण, क्षेत्रियको जस्तो सासूससुरा, सम्धीसम्धिनी नाता/साइनो पाइँदैन । मामामाइज्यू, फुपूपुसाँइ, भेनासाला, जुवाइँजेठानको नाता हुन्छ । मगर संस्कृतिमा विवाहमा कन्यादान दिइँदैन । विवाहित महिलाको मृत्यु भएपछि माइतीमा *हड्डी बुझाउने रीत* गर्नुपर्ने हुन्छ । महिलाहरूले आमापट्टीकाको कुलदेवताको पूजाआजा गर्ने प्रचलन पाइन्छ । यसको अर्थ के हो भने महिलाको थर/कैरन परिवर्तन हुँदैन । यद्यपि वर्तमान कानुनी जटिलताले नागरिकतामा श्रीमान्को थर लेख्ने प्रचलन पाइन्छ ।

मगर संस्कृतिमा कुनै महिलाको श्रीमान्को मृत्यु भएको अवस्थामा उम्कने/चोखिने (घोट) का दिन माइतीले रङ्गीन कपडालगायतका सामग्री लगेर दिने र फेरि कन्यासरह मान्यता दिने रीत हुन्छ । यसैले विधवाविवाह मान्य हुन्छ । मगरहरूमा विवाह चलाउने आधार कैरन/थर प्रणाली हुन्छ । मगरका कैरनहरू हजारभन्दा बढी छन् (बराल, २०५०. पृ.१५५-१६९) । मगरहरूमा एउटै कैरन/थरभित्र विवाह हुँदैन । यदि यस्तो भएमा नवदम्पतीलाई फाइफोरा भनिन्छ । उनीहरूले गाउँभन्दा टाढा गएर छुट्टै कैरन/थर लिनुपर्ने हुन्छ । मगरहरूले फुपूतिरको छोरीचेली विवाह गर्दैनन् । फुपू वा दिदिबहिनीसँग जोडिएको नातालाई कुटुम्ब खलक मानिन्छ । कुटुम्बको जीवनचक्र संस्कार, पूजाआजाहरूमा महत्त्वपूर्ण भूमिका रहन्छ । मौलिक संस्कृतिमा कुनै पनि पुजारी/ लामा लगाउने प्रचलन हुँदैन । यसैले सबै रीत कुटुम्बले पूरा गर्नुपर्दछ ।

मगरहरूमा सोरठी/मारुनी, घाँटु, ज्योमारे (जिवैमामा), सराय, हुर्रा आदि गीतिनाटकहरू प्रचलनमा छ । राप्ती-भेरी प्रश्रवण क्षेत्रमा पइस्यारु, सरङ्डे, दमाचाला, गर्रा, झ्यामरे, डोटासिडरु, भूम्या, जोरा, ह्माम्पई, ज्योमारे, स्वाङ्के, रमा (झाँक्री) नाचहरू रहेको पाइन्छ । यसैगरी साहिला बरै, कथौता, झ्यामरे, ज्योमारे, न्याहो, मन्थौली, सैरेला, देउसिरे र भैले, ह्लाम्पई, फाङ्क, यानीमाया, रमा, शोकगीत आदि रहेको पाइन्छ (घर्तीमगर, २०८०, पृ.८८-

९४) । सप्तगण्डकी प्रश्रवण क्षेत्रमा सोरठी/मारुनी, घाँटु, ज्योमारे (जिवैमामा), सराय गीतिनाचका साथै ओहोली (वाह् ल्हीङ), ज्यानै, जोरा/झोरा, झाम्रे, फागु, देउसीभैलो, यानीमाया, सुनीमाया, ठाडोभाका, तेर्सोभाका र कृषिकर्म तथा ऋतुहरूसँग सम्बन्धित गीत तथा नाचहरू रहेको पाइन्छ (बराल र मगर, २०५०, पृ. ८५-११७) । मगरहरूको गीतसङ्गीतको साधना गर्न, रमाइलो गर्न, युवाहरूको जमघटका लागि रोदी (ठकान्या) परम्परागत संस्था हुने गर्दछ । रोदीलाई राप्ती-भेरी प्रश्रवण क्षेत्रमा 'ठकान्या' भन्दछन् । यो गाउँको मुखिया वा मुख्य मानिसहरूको रेखदेखमा सञ्चालन भएको हुन्छ । रोदी (ठकान्या) को आफ्नै आचारसंहिता हुने गर्दछ ।

मगरहरूले माघ्या सकराती (नयाँवर्ष/ल्होसार), चण्डीपूर्णिमा, भूम्या (भूयाँर) पूजा, उधौली-उभौलीलगायत मुख्य चाडवाडका साथै साउने सङ्क्रान्ती, भदै पुन्नी (जनै पूर्णिमा), कृष्णअष्टमी, तिज, बडादसैं, तिहार, पन्ध्र-पुस, वसन्त पञ्चमी, यौनाट, चैतेदसैं आदि चाडबाडहरू मनाउँदछन् । मगरहरूले दसैं, तिहार, तिज, जनैपूर्णिमा, वसन्त पञ्चमी आदि चाडपर्वहरू मनाए पनि बाह्मण, क्षेत्रियले भन्दा निकै पृथक् तरिकाले मनाउँदछन् । मगरहरूका आफ्नै मौलिक/आदिवासी खानापानका परिकारहरू पनि छन् ।

मगर समाजको प्रकार्यलाई व्यवस्थित गर्नका लागि परम्परागत संस्थाहरू हुने गर्दछ । भेजा (कचहर/मौजा), मेमाजा (युवती/महिलाहरूको भेजा/क्लव), भाइखलक, थुम्ह, मौजा, रोदी/ठकान्या, भैलो आदि मगरका परम्परागत संस्थाहरू हुन् । परम्परागत संस्थाका प्रमुख उमेर र बौद्धिक रूपमा वरिष्ठ व्यक्तित्व वा गाउँलेले छानेको व्यक्तित्व हुने गर्दछन् । यद्यपि पछिल्लो समयमा राजनैतिक परिवर्तन र विकासबाट परम्परागत संस्थाहरू (कस्टोमरी इन्स्टिच्युसन) लोपोन्मुख अवस्थामा रहेको पाइन्छ ।

## मगर संस्कृतिको परिवर्तन र लोपोन्मुखता

पछिल्लो समयमा मगरहरूको भाषा-संस्कृति, समाज अत्यधिक परिवर्तन भएको पाइन्छ । विशेषगरेर आधुनिक शिक्षा र आमसञ्चार (मिडिया) को विकासमा मगर भाषा-संस्कृतिले उचित प्रवेश पाएन । यसैगरी सामाजिक, आर्थिक, राजनैतिक, भौतिक पूर्वाधार आदि विकासहरूमा राज्यसत्ता (शासक, प्रशासक/कर्मचारीतन्त्र, बुद्धिजीवी आदि) ले यहाँको रैथाने भाषा-संस्कृतिको सुरक्षण (सेफगार्ड) नीतिनिर्माण तथा कार्यान्वयनमा वेवास्ता गरेकाले मगर भाषा-संस्कृतिमा ठुलो परिवर्तन आएको देखिन्छ । राज्यसत्तामा एकल भाषा-संस्कृतिको माइन्डसेट बोकेका व्यक्तित्वहरू हावी भएकाले नेपालको विविधतारूपी भाषा-संस्कृतिका फूलहरू फक्रन सकेनन् । यसैगरी विश्वव्यापीकरण, विश्व बजार तथा विज्ञान प्रविधिको फड्को, पश्चिमाकरण, विकसित र अविकसित समाजको अवधारणा, बहुराष्ट्रिय कम्पनीहरूको प्रभाव आदिले गर्दा पनि मगरहरूको संस्कृति परिवर्तन हुँदै लोपोन्मुख हुन पुगेको देखिन्छ । गोर्खा भर्तीकेन्द्र/गोर्खापल्टनमार्फत उनीहरूको आदिवासीय संस्कृतिमा परिवर्तनको सुरुवात भएको पाइन्छ (घर्तीमगर, २०७१) । दोस्रो विश्वयुद्धपछिका विकासका लहरबाट धेरै परिवर्तन भएको देखिन्छ ।

अहिलेको अवस्थामा मगरहरूले आफ्ना पितृ (पुर्खा) हरूको पूजाआजा गर्ने थान/ठानहरू छोड्दै गएको, दर्शन भुल्दै गएको र बसाइँसराइले ठान/थान संरक्षणको अभाव छ । बाह्य समुदायको अतिक्रमणले पितृ (पुर्खा) हरूको सम्झनामा गरिने पूजाआजाहरूमा परिवर्तन आएको देखिन्छ । उनीहरूले मौलिक दर्शन, उत्पत्ति कथा/ मिथकहरू गुमाउँदै गएका छन् (जस्तै- मगरहरूको देउपित्तर वाराहाथान (पोखराको तालवाराही, तनहुँको ढोर तथा छाब्दीवराहा, बागलुङको ढोरवाराहा आदिहरूमा पछिल्लो समयमा थपिएका मिथकहरू) । भूयाँर (भूम्या), सिमेभूम्या, सिद्धजस्ता आदिम पुर्खाका पूजाआजाहरू लोपोन्मुख छन् ।

मगरहरूका मौलिक नातापाताहरू हराउँदै छन् । एउटै थर/कैरनभित्र विवाह नहुने प्रचलन पण्डितहरूबाट दिइने गोत्र संस्कृतिबाट भत्केको छ । मामाचेली-फुपूचेला विवाह र विधवाविवाहलाई खराब भनिन थालेको छ । मगरमा प्रचलनमा नरहेका सासूससुरा, सम्धीसम्धिनीको नाता/साइनोहरूको

प्रचलन भित्रिएको छ । महिलाहरूको मृत्युपछि माइतीमा पेवाधन, रीत बुझाउने प्रचलन हराउने क्रममा छ । मगरहरूमा विधवाले सेतो कपडामा वर्षदिन शोक बार्नुपर्ने प्रचलन भित्रिएको छ ।

मौलिक चाडपर्वहरू लोपोन्मुख दिशामा छन् । मौलिक चाडबाडहरू मगरहरूले पनि शिक्षा र मिडियाको विकासका प्रभावले ब्राह्मण, क्षेत्रिय समुदायले मनाए जस्तैगरी मनाउन थालेका छन् । आफ्नो मौलिक चाडपर्वलाई निम्नस्तरको मान्ने इन्फेरियर कम्प्लेक्स बढेको छ । विश्वव्यापीकरणको प्रभावले पश्चिमा चाडपर्वहरू जन्मदिन मनाउने, भ्यालेन्टाइन-डे, क्रिसमस, भारतीय चाडवाडहरू-लगायत अरू थुप्रै चाडबाडहरू भित्रिएका छन् । यसरी थपिएका चाडबाडहरू मनाउँदैमा मगरहरूले आर्थिक क्षति पनि व्यहोर्नु परेको छ । परम्परागत मौलिक खानाका परिकारलाई असभ्य मानेकाले मगरहरूले आदिवासी ज्ञान/सिपलाई ब्राण्डिङ गर्न नसक्दा यी हराउँदै गएका छन् ।

मगरहरूको गीतसङ्गीत, नाचगानहरूमा भारतको संस्कृति, पश्चिमा संस्कृति, नेपालको मूलधार भनिएको संस्कृतिको प्रभाव परेको छ । आज सोरठी/मारुनी, ज्योमारे (जिवैमामा), घाँटु, कौरहा, सराय आदि हराउँदै गएको छ । गीतसङ्गीतको सृजना, अभ्यास र विकास गर्ने रोदी/ठकान्यालगायतका परम्परागत संस्थाहरू लोप भइसकेका छन । मगरहरू संस्कृतिभित्रको उपनिवेश विश्लेषण गरेर उपनिवेशमुक्त हुन सकिरहेका छैनन् । मगरहरूको मौलिक गीतसङ्गीतहरू राज्यसत्ता नजिक रहेका टाठाबाठाहरू बेचेर लाखौं कमाउँदा पनि मगरहरू बेखबर छन् । उनीहरूले सामुदायिक ब्राण्डीङ गर्न सकेको देखिँदैन । यसरी मगरहरूको संस्कृतिमा छोटो समयमा र बाह्य बाध्यताका आधारमा व्यापक रूपमा परिवर्तन भएको छ । यसले मौलिकता गुमाउँदै लोपोन्मुख अवस्थामा पुगेको देखिन्छ ।

**सांस्कृतिक परिवर्तन र सामाजिक प्रकार्य**

मगर समाज भूगोलको आदिवासी (नेपाल सरकार, २०५८) भएकाले आफैँमा पूर्ण समाज थियो । यी सामाजिक आवश्यकताहरू संस्कृति र सामाजिक गतिविधिहरूबाट पूरा हुँदै आएका थिए । सामाजिक शास्त्रमा संरचनात्मक-प्रकार्यात्मक दृष्टिकोणमा कुनै समाजलाई सम्पूर्ण स्वरूप मानिन्छ । सो सम्पूर्ण स्वरूपभित्र विभिन्न भाग र प्रणालीहरू रहेका हुन्छन् । ती भाग वा प्रणाली र उपप्रणालीहरू एकआपसमा अन्योन्याश्रित रहेका हुन्छन् भन्ने मान्यता राखिएको हुन्छ । टाल्कोट पार्सन्सले समाजिक प्रणालीहरूका बारेमा उल्लेख गर्दै भनेका छन्– कुनै पनि समाज सम्पूर्ण बन्नका लागि चारओटा प्रणाली हुन्छन् । जसमा सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली, व्यक्तित्व (पर्सोनालिटि) प्रणाली र जैविक व्यवहार प्रणाली (Behaviour organism System) रहेका हुन्छन् र जसको समन्वयबाट समाजले प्रकार्य गरिरहेको हुन्छ अर्थात अगाडि बढेको हुन्छ (रिट्जर, सन् २००, पृ. २६९) । मगरहरूको पनि सांस्कृतिक प्रणालीले उनीहरूको समाज, व्यक्तित्व तथा व्यवहार प्रणालीमा प्रभाव पारिरहेको हुन्छ ।

सांस्कृतिक विचलनहरू हुँदा यसले समाज, व्यक्तित्व र व्यवहार प्रणालीमा असर पार्दछ । टाल्कोट पार्सनले समाजको परिवर्तन जैविक उद्विकास जसरी विस्तारै हुने बताएका छन् (रिट्जर, सन् २००, पृ. २६९) । यो तथ्यलाई हेर्दा मगरहरूको समाज र संस्कृति यस्तो नभएर छिटोछिटो परिवर्तन भइरहेको छ । राज्यसत्ता/राजनैतिक विकास, आधुनिक शिक्षा र आमसञ्चारको विकास, सामाजिक विकास, स्वास्थ्य तथा चिकित्सा विकास, भौतिक पूर्वाधारहरूको विकासले गर्दा पछाडि छोडिएका समुदाय तथा आदिवासीहरूको भाषा-संस्कृतिको सुरक्षण (सेभगार्ड) नीति कार्यान्वयन हुन नसक्दा विकासका माध्यमबाट समाजमा छिटोछटो परिवर्तन भयो । नेपाली शिक्षा प्रणाली, आमससञ्चार (मिडिया) प्रणाली र राज्य प्रणाली एकल भाषा-संस्कृतिको माइन्डसेटबाट अगाडि बढ्दा मगर संस्कृतिले आफ्नो मौलिकता जोगाउन सकेन । आदिवासी शिक्षा प्रणाली ध्वस्त बन्यो, पुस्ताहस्तान्तरण हुन सकेन । उद्विकासको रेखामा बिस्तारै परिवर्तन गर्न सकेन । यसबाट मगरहरूको परम्परागत समाज र संस्कृतिमा विचलन देखा पऱ्यो ।

मगर व्यक्तित्वहरूको व्यक्तिगत व्यवहारहरूमा पनि फरक पर्दै गयो । आदिवासीहरूको सामूहिक विश्वास र ऐक्यबद्धता भएर सामाजिक काम गर्ने चरित्र अवसान भएर व्यक्तिवादी चरित्रहरू देखा पर्न थाल्यो । नातेदारी प्रणालीहरू भत्किए । परम्परागत संस्थाहरूको अस्तित्व र प्रकार्य हरायो । मगरहरू उपभोगवादी मात्र बने । अतिवादहरू जन्मे । यसरी मगर समाज खलबलिन पुग्यो । जसरी हिजो राज्य निर्माणमा, आफ्नो गाउँठाउँको विकास र सामाजिक प्रकार्यमा मगरहरूको भूमिका थियो, त्यो सांस्कृतिक परिवर्तनले गर्दा खलबलियो । यसबाट राज्यमा मगरहरूको योगदान कमजोर हुँदै गयो ।

यसैगरी टाल्कोट पार्सनले समाजिक प्रकार्य हुँदा समायोजन (Adaptation), उद्देश्यअनुरूप क्रियाकलाप (Goal attainment), एकीकरण (Integration) र लुप्त/विलम्वता (Latency)–AGIL जस्ता प्रकार्यहरू हुने व्याख्या गरेका छन् (रिट्जर, सन् २००, पृ. २६९) । तिनीहरूका अवयवहरूमा मगर समाज र संस्कृतिलाई राखेर हेर्दा मगरहरूको संस्कृतिमा आएको परिवर्तनसँगै सही तरिकाले मगरहरूलाई आफ्नो भाषा-संस्कृतिसहित नेपाली समाजमा समायोजन गर्न सकेका छैनन् । यसको परिणाम बेलाबेलामा देखिने द्वन्द्व हो । यसका साथै मगरहरूले पनि कुनै अतिवादमा फसेर द्वन्द्व चर्काउँदैनन् भन्न सकिँदैन । अहिलेको परिस्थितिमा संस्कृतिले मगरहरूलाई एकआपसमा जोड्न वा ऐक्यबद्ध गर्न सकिरहेको छैन । आदिवासी/रैथाने भाषा-संस्कृति, वातावरणको सुरक्षण (सेफगार्ड) विना गरिएको विविध विधाको विकासले मगर भाषा-संस्कृतिले सङ्कट व्यहोर्नु पर्दा पनि मगर तथा अन्य समुदायलाई एकआपसमा जोड्दै ऐक्यताबद्ध भएर जानुपर्ने मगर सामाजको उद्देश्यबमोजिमका क्रियाकलाप हुन सकेन । यसबाट लुप्त रूपमा प्रकट हुने प्रकार्य भनेको विद्रोह वा द्वन्द्व हुन सक्दछ ।

राज्यसत्ताको लापरवाहीले मगर समाज र संस्कृतिको संरचना र प्रकार्यमा परेका असरहरूलाई समयै पहिचान गरेर त्यसको सामाधानका लागि उपायहरू अपनाएमा मगर संस्कृतिको मौलिकता र यसले समाजलाई दिएको योगदान पुनःस्थापित गर्न सकिन्छ । बहुभाषिक-बहुसांस्कृतिक नेपाल (नेपालको संविधान, २०७२) को फूलबारीमा मगर संस्कृतिको *समानुपातिक र समावेशी* रूपमा सभागी गराउनका लागि समुदाय आफैँ र राज्यको तर्फबाट पहल हुनुपर्दछ । नेपालले आर्थिक समृद्धिका लागि पर्यटन विकास, स्थानीय उत्पादनको विकास आदिलाई पनि महत्त्व दिइरहेको अवस्थामा मगर संस्कृतिले पनि यस्ता लक्ष्य र उद्देश्यहरू परिपूर्ति गर्न सक्दछ ।

## निष्कर्ष

ऐतिहासिककालमा राज्यबाट सबै भाषा-संस्कृतिमा न्यायोचित लगानीको अभावमा कतिपय भाषा-संस्कृति लोपोन्मुख दिशामा छन् । नेपाली समाजको संरचनामा भएका आदिवासी/रैथाने भाषा-संस्कृतिको प्रणाली/ उपप्रणालीहरूका भागहरू समान प्रकारले बलियो हुन नसक्दा, कमजोर प्रणाली/उपप्रणालीहरूले राज्यलाई सन्तुलित बनाउन सकेनन् । यसबाट भ्रष्टाचार, व्यक्तिगत स्वार्थसिद्धि, अख्तियारको दुरुपयोग गर्ने संस्कृति विनिर्माण हुँदा समाजले दुर्गति भोग्नुपरेको छँदैछ । मगर भाषा-संस्कृति नेपाली समाजको एक भाग भए पनि मगर समाजभित्र यसको महत्त्वपूर्ण स्थान रहेको छ । जसले मगर समाजलाई अगाडि बढाएको छ । यद्यपि बाह्य प्रभाव, सबै खाले विकासमा रैथाने भाषा-संस्कृतिको सुरक्षण (सेफगार्ड) को अभाव, राज्यसत्ताको वेवास्ता आदि विविध कारणले मगर संस्कृतिमा पनि खलबल ल्याइदिएको छ । मगरहरूको समग्र संरचनामा पनि असर पर्न गएको र विकृत परिवर्तनबाट मौलिकता गुम्दै जाँदा समाजको प्रकार्यमा पनि असर पर्दा मगरहरूलाई सही दिशामा अगाडि बढाउन नसकेको देखिन्छ । आदिवासी/रैथाने समाज-संस्कृतिको संरचनाभित्र रहेको प्रणाली/उपप्रणालीहरूमा ल्याएको गडबडीबाट अकार्य (डिस्फङ्सन) बढेमा राज्यको सम्पदा लोप हुने खतराका साथै द्वन्द्व पनि सृजना हुन सक्दछ । सांस्कृतिक परिवर्तनले मगरहरूको सामाजिक प्रकार्यमा परेको असरले समग्र नेपाली समाजलाई पनि असर पार्न सक्दछ ।

## सन्दर्भ सामाग्रीसूची


आलेमगर, रुल बहादुर (२०६९). *प्रजातान्त्रिक आन्दोलनका योद्धा : प्रथम सहिद लखन थापामगर.* काठमाडौँ : प्रथम सहिद लखन थापामगर स्मृति प्रतिष्ठान ।

घर्तीमगर, बलबहादुर (२०८०). *मगर संस्कार : राप्ती, धौलागिरी र भेरी प्रश्रवण क्षेत्रमा प्रचलित.* काठमाडौँ : मगर प्रकाशन समिति, मगर लेखक संघ ।

घर्तीमगर, मनोज (२०७१). *भर्तीको फन्दा.* पोखरा : रीता गुरुङ ।

नेपाल सरकार (१९१०). *मुलुकी ऐन १९१०.* काठमाडौँ : नेपाल कानुन आयोग (lawcommission.gov.np) वि.सं. २०८० कार्तिक ०३ गते डाउनलोड गरिएको ।

नेपाल सरकार (२०५८). *आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन.* काठमाडौँ : नेपाल सरकार ।

नेपाल सरकार (२०७२). *नेपालको संविधान-२०७२.* काठमाडौँ : नेपाल सरकार ।

नेपाल सरकार (२०७९). *नेपाल राजपत्र, नेपाल सरकार गृह मन्त्रालयको सूचना.* भाग ५, खण्ड ७२, संख्या ६४, काठमाडौँ फाल्गुन २९ गते, २०७९ साल ।

पुन, यमबहादुर र घर्ती मगर, झकेन्द्र (सम्पा.). (२०७१). *मगर जातिः ऐतिहासिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ.* काठमाडौँ : मगर प्राज्ञिक समूह, नेपाल ।

पोखरेल, बालकृष्ण (२०५५).*खस जातिको इतिहास.* विराटनगर : उदात्त अनुसन्धान अड्डी ।

बरालमगर, केशरजङ्ग (२०५०). *पाल्पा, तनहुँ र स्याङ्जाका मगरहरूको संस्कृति.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान । (शोधकार्य २०३७/३८ र शोध प्रतिवेदन २०३८) ।

बुढामगर, बमकुमारी (२०५५).*पो ओल्ज छेङा,* काठमाडौँ : स्वयम् ।

बुढामगर, हर्षबहादुर (२०४९). *किराँत वंश र मगरहरू : एक ऐतिहासिक सर्वेक्षण.* काठमाडौँ : उन्नती बोहरा ।

राई (रुपाबुङ), रामचन्द्र (२०६४). *प्राचिन किरातहरूले छाडेका सम्पदाहरू (Heritage of the Kiratas).* भोजपुर : महेन्द्रनाथ राई ।

लुइटेल, तिलक प्रसाद (२०७४). मनुस्मृतिः श्लोक सहित सरल नेपाली अनुवाद. काठमाडौँ : पैरवी प्रकाशन ।

शर्मा, जनकलाल (२०३९). नेपालका मगरजाति. *हाम्रो समाज : एक अध्ययन.* काठमाडौँ : साझा प्रकाशन ।

शिवाकोटी, गोपाल (२०७४. *किराँत जाति.* काठमाडौँः पैरवी प्रकाशन ।

श्रीस मगर, मीन (२०६७). *मगर जातिको चिनारी.* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल मगर सङ्घ ।

श्रीस मगर, मीन (२०७७). *नेपाली राष्ट्रिय संस्कृतिमा मगर पुजारीहरूको भूमिका.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सिङ्जाली, विष्णुकुमार (२०७१). *आदिवासी मगरका विविध पक्षहरू.* काठमाडौँ : मगर अध्ययन केन्द्र ।

बुढामगर, बमकुमारी (२०६५). असौजको जवारा माघको झोप्ल्यानी. *मगरदीप,* पू. ४, पृ. ३८-४०.

Bista, D. B. (2011). *People of Nepal* (first published in 1967). Kathmandu: Ratna Pustak Bhandar

Budha-Magar, Harsa Bahadur & Roke-Magar, Gopal Bahadur. (2003). Magar Culture. In Ram Dayal Rakesh (eds), *Nepalese Culutre: Difference Dimensions*. Kathamandu: Royal Nepal Academy.

Caplan, L. (2009). *Warrior gentlemen: 'Gurkhas' in the western imagination.* Kathmandu: Himal Books.

Chemjong, I. S. (2003). *History and culture of Kirat people*. Lalitupur: Kirat Yakthung Chumlung [first edition, 1967]

CDSA, TU. (2014). *Social inclusion atlas of Nepal: Demography, health and education.* Kathmandu: Central Department of Sociology/Anthropology, Tribhuvan University.

Das, Sarad Chandra. (1902). *Journey to Lhasa and Central Tibet*. London: John Murry
Dutt, Jogesh Chunder. (1879). *Kings of Kasmira: Being A translation of Sanskrita work RAJATARANGGINI of Kahana Pandita.* London: Trubner and Co.
Gellner, D. N., Pfaff-Czarnecka, J. & Whelpton J. (eds.) (2016). *Nationalism and ethnicity in Nepal*. Kathmandu: Vajra Books.
Hamilton, F. B. (2007). *An account of the kingdom of Nepal*. New Delhi: Rupa & Co. [First edition, 1819]
Hitchcock, J. T. (1966). *The Magars of Banyan Hill.* New York: Holt, Rinehart and Winston.
Kirkpatrick, W. J. (2007). *An account of the kingdom of Nepaul* (reprint). Delhi: Rupa & Co. [First edition: 1811]
Latham, R.G. (1859). *Discriptive Ethnology Vol-I (Eastern and Northern Asia– Europe*). London: Jon Van Voorst, Paternoster Row.
Ritzer, Goerge. (2000). *Sociological Theory.* New York; MC Graw Hill
Tylor, E.B. (1871). *Primitive Culture,Vol 2*. London: Murray
Wright, D. ( 2007). *History of Nepal*, New Delhi: Rupa & Co [First edition 1877]
Vansittart, E. (1991). *Gurkhas*. New Delhi: Asian Education Services. [First editon 1906]

■